१३८

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. २३९/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ....................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, सुर्खेत ....................१ विपक्षी
सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, सुर्खेत ....................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, सुर्खेत समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, सुर्खेतको मिति २०७१।११।४, च.नं. ४८४ र प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना यस आयोगको नाममा प्रेषित गरी बोधार्थ पत्रको माध्यमद्वारा निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगात कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

यशोदा देवी तिम्सिना
(सूचना आयुक्त)

किरण कुमार पोखरेल
(सूचना आयुक्त)

कृष्णहरि बास्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल फागुन २२ गते रोज ६ शुभम् ।